बैठक संख्या : ९८

स्थान : राप्ती नगरपालिका

मिती : २०७८।०९।१४ गते

समय : साझँ ४ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसि निम्न प्रस्तावहरुमाथि छलफल गरियो ।

<u>उपस्थिति</u>

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान का.वा. माललिमाया लामा

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत छैठौं श्री सारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

मिति : २०७८।०९।१४

कार्यपालिका बैठक संख्या : ९८

**प्रस्तावहरु**

१. लोथर खोलाको IEE सम्बन्धमा ।

२. समपुरक, विशेष कार्यक्रमको योजना छनौट सम्बन्धमा ।

३. वडा नं. ५ को कृषी सडक निर्माण सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस राप्ती नगरपालिका र मनहरी गाउँपालिकाको सीमानामा अवस्थित लोथर खोलामा नदीजन्य पदार्थ उत्खननको लागि यस पालिका तर्फको मात्र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरी ठेक्का समेत आव्हान गरिएकोमा मनहरी गाउँपालिकाले चितवन राष्ट्रिय निकुञ्जमा अनुरोध गरी मनहरी गाउँपालिका मकवानपुर, राप्ती नगरपालिका चितवन, चितवन राष्ट्रिय निकुञ्ज तथा अन्य सम्बन्धित निकायहरु बीच छलफल हुँदा खोलाको एकतर्फ राप्तीमा मात्र उत्खनन गर्दा खोलाको ब्यालेन्स नमिल्ने र व्यवस्थापनमा समेत कठीनाई हुने भएकोले सोही लम्बाई भित्रको मनहरी साइट तर्फको समेत प्रारम्भिक वातावरणीय परिक्षण गर्ने दिएको सुझावलाई हृदयगमन गर्दै राप्ती नगरपालिकाले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन राप्ती नगरपालिकाका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७ को दफा ७ को उपदपा ७ बमोजिम संशोधन गरी प्रक्रिया अगाडी बढाउने, कार्यसूची स्वीकृत गर्ने र अर्को व्यवस्था नहुञ्जेल सम्म यस नगरपालिकाबाट नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापन गर्न आव्हान बोलपत्र दाखिला गर्ने म्याद थप गर्ने निर्णय गरियो ।

मिति : २०७८।०९।१४

कार्यपालिका बैठक संख्या : ९८

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा रासी नगरपालिकाको समग्र विकास गर्न समपुरक र विशेष अनुदानको लागि कार्यविधिको मापदण्डमा पर्ने गरि देहाय अनुसारको योजना छनौट गरी संघमा पठाउने निर्णय गरियो ।

**क. समपुरक योजना**

१. च्यात्रा खोला तटबन्धन रासी – ८, ९

२. पम्फा खोला तटबन्धन रासी – ६, ७

३. मिलबजार मार्ग कालोपत्रे रासी - ९

४. रासी नगरपालिकाको प्रशासनिक भवन कम्पाउण्ड

५. आफ्नो गाउँ आफै बनाऔ कालोपत्रे रासी – ७

६. परेवाकोट थाकलटार बाटो स्तर उन्नती रासी - १

**ख. विशेष योजना**

१. अति विपन्न परिवारका विद्यार्थीहरुको लागि कालीटार आ.वि. छात्राबास निर्माण रासी – १३

२. भिडियो एक्स-रे मेसिन, भण्डारा अस्पताल रासी – ५

३. परेवाकोट पर्यटन मार्ग रासी - १

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश सरकारबाट वडा नं. ५को इटनी चोकदेखी कुलप्रसाद रुवालीको घरहुदै उत्तराखण्ड सडक जोड्ने कृषी सडक निर्माण गर्न रु २०००००० (अक्षेरुपी रु बीस लाख) प्राप्त भएकोमा उक्त योजना भन्दा अघाडी र पछाडीका बाटाहरु कालोपत्रे भैसकेको सो योजना पनि कालोपत्रे गर्दा दिर्घकालीन समस्या समाधान हुने भनी स्थानियहरुको माग बमोजिम वडा कार्यालयको सिफारिस समेत प्राप्त भएकोले बीचको उक्त योजना कालोपत्रे नगर्दा अव्यवहारिक समेत देखिन गएकोले कालोपत्रे गर्न कार्य प्रक्रिया अघाडी बढाउने निर्णय गरियो ।